# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.:

च.नं..:

मितिः.................................

## सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति २०८२/०९/१८

प्रस्तुत विषयमा यस देवघाट गाउँपालिका अन्तर्गत रिक्त रहेको निम्न सेवा समूहको तपसिल बमोजिमको पद करार सेवामा कर्मचारी पदपूर्तिका लागि आवश्यक शैक्षिक योग्यता पुगेका नेपाली नागरिकहरुले निम्नानुसारको कागजात, ३ प्रति पासपोर्ट साईजको फोटो संलग्न राखी यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| क्र.सं. | विज्ञापन नं. | पद/तह | सेवा, समूह | परिक्षा किसिम | माग पद संख्या | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | १-०८२/८३ | अ.स.ई. चौथो तह | स्थानीय इन्जिनियरिङ सेवा, सिभिल | अन्तरवार्ता | १ | देवघाटगाउँपालिका/ अन्तर्गत कार्यालय |
| २ | २-०८२/८३ | अ.न.मी चौथो तह | स्थानीय स्वास्थ्य सेवा, प.हे.न | अन्तरवार्ता | १ | देवघाटगाउँपालिका/ अन्तर्गत स्वास्थ्य चौकी |

१. आवेदन दिने अन्तिम मिति : यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र, उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय सम्म ।

२. शैक्षिक योग्यता :

क.विज्ञापन नं. १-०८२/०८३ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE. वा सो सरह उत्तीर्ण गरी इन्जिनियरिङ अ. सव इन्जिनियरका लागि सिभिल विषयमा तोकिएको कोर्ष उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा टि एस एल सी उत्तीर्ण गरेको ।

ख.माथिल्लो शैक्षिक योग्यता र अनुभव प्राप्त गरेकोलाई विशेष ग्राह्यता दिइनेछ ।

ग. विज्ञापन नं.२-०८२/०८३ मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष उतीर्ण गरेको र नेपाल नर्सिङ परिषदमा दर्ता भएको ।

३. संलग्न गर्नुपर्ने कागजातहरु :व्यक्तिगत विवरण (BIO-DATA), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरु र स्वास्थ्य सेवाको हकमा काउन्सिल दर्ता प्रमाणपत्र ।

४. आवेदन दिने तरिका :बुँदा नम्बर २ र ३ मा उल्लेख भएका कागजातहरु राखी यस गाउँपालिकाको राजश्व शाखामा तोकिएको शुल्क बुझाई भौचर संलग्न राखी स्वयं उपस्थित भई यस कार्यालयमा आवेदन दिनुपर्नेछ ।

५. आवेदन दस्तुर : रु.५०० (पाँच सय) ।

६. तलब स्केल : नेपाल सरकारले तोके बमोजिम ।

७. परीक्षाको किसिम : अन्तरवार्ता

८. सेवा अवधि :स्थायी पदपुर्तिका लागि सिफारिस भई आएमा स्वतः करार सेवाबाट हट्नुपर्नेछ ।

९. उमेर :उमेरको हकमा लोकसेवा आयोगले जारी गरे बमोजिम हुनेछ ।

१०. थप जानकारीको लागि : टेलिफोन नम्बर ०५६-५०००६८, ९८४४२०९९४१ सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु अन्तर्वार्ता तथा सूचिकरण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

यस सूचनामा उल्लेखित कुराहरु सोही बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम र गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

..............................
(राजिव पन्थी)
प्रमुख प्रशासकीय अधिकृत

राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत